पाठ २

# विवाह हुनुभन्दा पहिले

परमेश्वरले ठीक र बेठीक स्तर दिनुको कारण आफ्ना छोराछोरीहरूलाई योग्य र पूर्ण जीवन जिउन सक्ने बनाउनको लागि हो। १ कोरिन्थी ९:२४-२७-ले हामीलाई याद दिलाउँछ कि दौड्को निम्ति शारीरिक रूपमा योग्य हुनलाई खेलाड़ी कठिन अनुशासनमा भएर जानुपर्छ। इनाम जित्नको निम्ति ऊ दौड्ने हुनाले *क्षणभरको* सुखलाई उसले इन्कार गर्छ।

स्त्री र पुरुषको बीचको सम्बन्धमा, परमेश्वरको स्तरको अर्थ सुखलाई इन्कार गर्ने होइन तर सबैभन्दा ठूलो आनन्द प्राप्तिको निम्ति तिनीहरूलाई त्यसतर्फ निर्देशन गर्नु हो। परमेश्वरले मानिसलाई स्वाभाविक तृष्णा (भोक) दिएर सृष्टि गर्नुभएको छ र यिनीहरूमध्ये केही यौन सम्बन्धमा पनि प्रकट गरिएको छ, तर उहाँको वचनले निश्चयतासाथ बताएको छ कि यस्तो नजीकको सम्बन्ध विवाहको निम्ति सुरक्षित राखिएको छ।



# पछ्याउनुपर्ने योजना

सामान्य रूपमा, अनुशासित र निस्स्वार्थी जीवन यापन गर्ने पति र पत्नीले विवाह हुनुभन्दा *पहिले* आफूलाई कसैसँग पनि यौन सम्बन्धमा गाँस्दैनन्। तिनीहरूले पवित्रताको नमूनालाई पछ्याउँछन्। कोही-कोहीले आफू लोग्ने वा स्वास्नी हुनुभन्दा पहिल्यै आफूलाई क्षणिक आनन्दको यौन सम्बन्धमा जोड्छन् र अनैतिक काम गरेको दोषको घाउ बोकेर हिँड्छन्, जुनचाहिँ कहिल्यै निको नहुन पनि सक्छ।

परमेश्वरको व्यवस्थालाई हलुको किसिमले लिनेहरू परमेश्वरको भण्डारमा रहेको महान् आनन्दबाट कसरी बञ्चित भएका छन्, सो विषयमा हामी यस पाठमा अध्ययन गर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

परमेश्वरले तपाईंलाई विवाहको निम्ति तयारी पार्नुहुन्छ।
परमेश्वरले तपाईंलाई पवित्र भएको चाहनुहुन्छ
तपाईंले परमेश्वरका स्तरहरू कायम राख्न सक्नुहुन्छ,

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- विवाह हुनुभन्दा पहिले पुरुष र स्त्रीको निम्ति भएको परमेश्वरको नैतिक स्तर के हो सो व्याख्या गर्न।
- यो स्तरलाई इन्कार गर्नेहरूका जीवनमा देखिने खराब प्रभावहरूको नाम दिन।
- आफैलाई पवित्र राख्नको निम्ति बाइबलअनुसारको आधार दिन।

## परमेश्वरले तपाईंलाई विवाहको निम्ति तयारी पार्नुहुन्छ

जब परमेश्वरले मानव-जातिलाई सृष्टि गर्नुभयो, उहाँले आफ्नो सिद्ध योजनाअनुसार नै पुरुष र स्त्रीलाई बनाउनुभएको थियो। उहाँले पारिवारिक जीवनलाई सम्भव हुने तुल्याउनुभयो। स्त्री र पुरुषको यौन सम्बन्धबाट छोराछोरीहरू जन्मन सक्ने गरी उहाँले मानव शरीरलाई निर्माण गर्नुभयो।

परमेश्वरले बालकको शरीरमा पनि विकास हुन सक्ने प्रक्रियाको निर्माण गर्नुभयो र यसरी ऊ ठीक उमेरमा पुगेपछि परिपक्व (प्रौढ़) भएर जिम्मेवारी निभाउन सक्ने हुनेभयो।

केटाहरू र केटीहरू बाल्यावस्थाबाट जवानावस्थामा पुग्दा तिनीहरूका शरीरमा धेरै परिवर्तनहरू हुन्छन्। यी शारीरिक परिवर्तनका कारणले तिनीहरूमा नयाँ इच्छा, भावना र अभिलाषाहरू आउँछन्। केटाले केटीहरूलाई मन पराउन थाल्छ। केटीले पनि केटाहरूलाई मन पराउन थाल्छे। यसमा केही पनि गल्ती छैन। विवाहको निम्ति तिनीहरूलाई तयारी पार्ने परमेश्वरको योजना मात्र यो हो। "उहाँले तिनीहरूलाई पुरुष र स्त्री गरी सृष्टि गर्नुभयो" (उत्पत्ति १ : २७)।

तर जवान जवानीहरूले यो कुरा बुझ्नु अति महत्त्वपूर्ण छ, कि विवाह हुनुभन्दा पहिले तिनीहरूका चालचलनको निम्ति

परमेश्वरले विशेष स्तरहरू कायम गर्नुभएको छ– पछि गएर आनन्दित परिवारको आशा गर्ने हरेकले यी नियमहरूको पालन गर्नैपर्छ।



**तपाईंको अभ्यासको निम्ति**

१ जवान पुरुषले जवान स्त्रीलाई मन पराउनु के गल्ती हो? तपाईंको उत्तरलाई व्याख्या गर्नुहोस्। ..............................

..............................................................................

२ कसले हामीलाई यौन इच्छा दिनुहुन्छ? ..............................

..............................................................................

३ यौन इच्छालाई यसरी नै प्रयोग गर्नैपर्छ भन्ने अधिकार कोसँग छ?

..............................................................................

## परमेश्वरले तपाईं पवित्र भएको चाहनुहुन्छ?

### परमेश्वर तपाईंमा जिउनको निम्ति

परमेश्वरले तपाईंलाई दिनुभएको शरीरलाई आदर गरेको र उहाँलाई इज्जत ल्याउने किसिमले यससँग व्यवहार गरेको उहाँले चाहनुहुन्छ। तीनवटा कारणको निम्ति तपाईंले यसलाई शारीरिक र नैतिक किसिमले पवित्र राख्नैपर्छः

- परमेश्वर तपाईंमा जिउनको निम्ति
- तपाईंको परिवारको भलाइको निम्ति
- तपाईंको आफ्नै शरीरको भलाइको निम्ति

तपाईं परमेश्वरको हुनुभएको हुनाले, तपाईं परमेश्वरको मन्दिर वा वासस्थान बन्नुभएको छ। यसको अर्थ यही नै हुन्छ, कि तपाईंले आफ्नो शरीरलाई पवित्र राख्ने ठूलो जिम्मेवारी पाउनुभएको छ, किनभने परमेश्वरका आत्मा तपाईंमा जिउनुहुन्छ (१ कोरिन्थी ३:१६-१७)। ख्रीष्टियानको हैसियतले तपाईंको आफ्नो परिवार, र तपाईंको आफ्नै शरीर र अन्य कुराहरूमाथि तपाईंको ठूलो जिम्मेवारी छ, र तपाईंको प्रमुख जिम्मेवारीचाहिँ तपाईंले आफैलाई पवित्र, शुद्ध र चोख्याइएको भाँड़ोको रूपमा प्रस्तुत गर्नुपर्छ, जुनचाहिँ परमेश्वर बस्नको लागि योग्यको हुन्छ।

वेश्याहरू वा रण्डीहरूकहाँ जानु हुँदैन भनी बाइबलले कड़ा चेताउनी दिएको छ। विवाहभन्दा बाहिरको यौनसम्बन्धलाई यसले पूरै रूपमा निषेध गरेको छ। बाइबलले सबै किसिमका अस्वाभाविक यौनसम्बन्धहरूको पनि विरोध गरेको छ। (१ कोरिन्थी ६:१५-१७,१९-लाई ध्यानपूर्वक पढ्नुहोस्।

पवित्रताको सिद्धान्तलाई इन्कार गरेपछि खराब नतिजाहरू भोग्नुपर्छ भन्ने कुरालाई याद गर्नुहोस्। गुप्त अङ्गका रोगहरू



**१ तिमोथियस ५:२२** आफूलाई शुद्ध राख।

अनैतिक व्यक्तिहरूबाट सारिएका हुन्छन्। यसको नतिजा स्वास्थ्य हानि र लाज मात्र नभएर, जन्मने बालकहरूमा पनि यो रोग सर्छ र तिनीहरूमा अन्धोपन, मानसिक रोग, अन्य डरलाग्दा शारीरिक कमजोरीहरू देखा पर्छन्।

अनैतिक यौन सम्बन्धबाट गर्भधारण हुन पुगेमा जवान स्त्रीले ठूलो संकष्ट सहेर बालकलाई हुर्काउनुपर्नेछ। यस्तो कार्य स्वाभाविक सम्बन्धभन्दा बाहिर भएको हुनाले विधिवत विवाह सम्बन्धीको सुरक्षा तिनले पाउन सक्दिनन्। यसरी तिनको बालकले आमा-बाबु दुवैको प्रेम र वास्ता पाउन सक्दैन।

**तपाईंको अभ्यासको निम्ति**

४ तपाईं पवित्र हुनुभएको परमेश्वरले किन चाहनुहुन्छ, तीनवटा कारणहरू दिनुहोस्। ..............................................

..............................................................................

**५** हामी पवित्र हुनुपर्छ भनी बाइबलको कुनचाहिँ पदले हामीलाई बताउँछ?

**क** १ कोरिन्थी ६:१६

**ख** १ तिमोथियस ५:२२

**ग** उत्पत्ति ३:१५

**६** १ कोरिन्थी ६:१५-अनुसार ख्रीष्टियानको शरीर केको अङ्ग हो?

.......................................................................

**७** विवाहभन्दा बाहिर जन्मेका केटाकेटीहरूले नपाउने के कुरा ख्रीष्टियान घरले छोराछोरीहरूका निम्ति उपलब्ध गरिदिन सक्छ? ...........................................................

**८** आफ्ना आमा-बाबुको अनैतिकताको नतिजाको रूपमा केटाकेटीहरूले प्राप्त गर्ने कम-से-कम दुइ कमजोरीहरूको नाउँ दिनुहोस्। ..............................................

.......................................................................

## तपाईंको शरीरको भलाइको निम्ति

विवाह गर्नुभन्दा पहिले यौन सम्बन्ध नराख्दा आफूलाई नोक्सानी हुन्छ भनी विचार नगर्नुहोस्। शारीरिक अभिलाषामा फस्नुभन्दा परमेश्वरको स्तरलाई कायम राख्नु धेरै नै महत्त्वपूर्ण कुरा हो। बाइबलमा भएको हितोपदेशको पुस्तकले यस विषयमा अति नै उत्तम सल्लाह दिएको छ। हितोपदेश ७:१-२७-लाई ध्यान दिएर पढ्नुहोस्।

विवाह हुनुभन्दा पहिले यौन सम्बन्ध राख्दा एक व्यक्तिलाई गुप्त अङ्गको रोग नलागे पनि यस्तो सम्बन्धले शरीरलाई ठूलो हानि पुऱ्याउँछ। स्त्रीलाई गर्भवती भइएला कि भन्ने ठूलो डर

हुन्छ। यस्तो दोष र डरको कारणले दुवैको भावना र स्वास्थ्यमा ठूलो हानि पुग्छ। गर्भवती हुने, अरूहरूले भेट्टाउने, सम्बन्धका अन्य नतिजाहरू वा सामाजिक नियम भङ्ग गरेको वा परमेश्वरको आज्ञा भङ्ग गरेको डर उनीहरूमा भइरहन्छ।

परमेश्वरप्रतिको यस्तो अनाज्ञाकारितालाई पश्चात्ताप र आत्मिक उत्थानद्वारा ठीक पारिएन भने, यसले आत्मिक रोग ल्याउँछ र बिस्तारै आत्मिक मृत्युमा लैजान्छ। यसैले तपाईंको आफ्नै शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यको निम्ति आफैलाई शुद्ध राख्नुहोस्। "व्यभिचारदेखि अलग बस... व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ" (१ कोरिन्थी ६:१८)।

### तपाईंको अभ्यासको निम्ति

९ पाठको यस भागमा विशेष गरी उल्लेख गरिएको कुनचाहिँ पापलाई मानिसले आफ्नै शरीरको विरुद्धमा गर्ने पाप भनिन्छ? ........................................................

१० व्यभिचारी स्त्रीले मानिसलाई फसाउँछे भनी देखाउन यस्तो कार्यलाई हितोपदेश ७ अध्यायमा कुन तीनवटा कुरासँग तुलना गरिएको छ? ........................................................

........................................................

११ विवाह हुनुभन्दा पहिल्यै राखिएको यौन सम्बन्धले कुनै पनि व्यक्तिको स्वास्थ्यलाई कसरी हानि पुऱ्याउँछ?

........................................................

........................................................

........................................................

## तपाईंले परमेश्वरका स्तरहरू कायम राख्न सक्नुहुन्छ

### आफ्ना भावनाहरूलाई अधीन गरेर

आफूलाई अधीन गर्न सिक्नु वृद्धि हुनको लागि चाहिने महत्त्वपूर्ण कुरा हो। सानो बालकले आफूले मन परेको कुरा गर्न पाएन भने उसले खुट्टाले हान्ने र चिच्याउने गर्छ, तर यस्तो गर्नु हुँदैन भनी तपाईंले सिक्नुभएको छ। आत्म-संयम आनन्दित विवाहको महत्त्वपूर्ण भाग हो। यसलाई वृद्धि गर्नको निम्ति परमेश्वरले हरेक व्यक्तिलाई उसको जवानअवस्थाभरि नै मौका दिनुहुन्छ। परमेश्वरको वचनले बताउँछ, हामीहरू "संयमी, समझदार र सम्मानित" हुनुपर्छ (१ तिमोथियस ३ः२)।

**परमेश्वरका स्तरहरूलाई कायम राख्नुहोस्।**



शैतानले विशेष गरी जवान-जवानीहरूलाई यौन सम्पर्कको सम्बन्धमा परीक्षा गर्छ। तिनीहरूले यौन सम्पर्कको गहिरो इच्छाको अनुभव गर्छन्। विकास भइराखेको शरीरमा यस्ता भावनाहरू स्वाभाविकै हुन्, तर तिनीहरूलाई अधीन गरिनै पर्छ।

आफ्ना इच्छाहरूलाई अधीन गर्न सक्तिनँ भनी नभन्नुहोस्। परमेश्वरले तपाईंलाई आत्मा दिनुभएको छ, जसले तपाईंलाई अरू जवानहरूभन्दा फरक पार्छ। तपाईं आफ्ना भावनाहरूको कमारो बन्नुपर्दैन। आफैलाई अधीन गर्नको निम्ति परमेश्वरले तपाईंलाई यी कुराहरू दिनुभएको छः

- के गर्नुपर्ने हो भन्ने विषयमा थाहा गर्नको निम्ति बुद्धि।
- तपाईंलाई अगुवाइ गर्नको निम्ति उहाँको वचन।
- उहाँ तपाईंसँग बोल्नको निम्ति विवेक।
- के गर्नुपर्ने हो सो चुन्नलाई इच्छा वा शक्ति।

अझै सबैभन्दा उत्तमचाहिँ, तपाईंले परमेश्वरसँग बिन्ती गर्नुभयो भने, तपाईंका इच्छाहरूको अधीन गर्नलाई परमेश्वर आफैले तपाईंलाई सहायता गर्नुहुनेछ।

> जवानीका अभिलाषाहरू त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख (२ तिमोथियस २:२२)।

**तपाईंको अभ्यासको निम्ति**

**१२** तपाईंका अभिलाषाहरूलाई अधीन गर्नमा सहायता पुऱ्याउने मुख्य श्रोत कुन हो?

**क** तपाईंको विवेक।

ख तपाईंको बुद्धि।

ग परमेश्वरको वचन र उहाँको सहायता।

**तपाईंका विचारहरूलाई अधीन गरेर**

खराब गर्ने कुइच्छा हाम्रा विचारहरूद्वारा नै हामीकहाँ आउँछन्। परीक्षाको बारेमा जति धेरै विचार गर्नुहुन्छ, कुइच्छा पनि त्यति नै बलियो हुँदैजान्छ। यसैले तपाईंले आफ्ना विचारहरूलाई अधीन गर्नु नै पर्छ।

> तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ (याकूब १:१४-१५)।

> धेरैजसो तपाईंका विचारहरू तपाईंले सुन्नुभएका कुराहरूबाटै आउँछन्। यसैले फोहोर कथाहरू नसुन्नुहोस् र व्यभिचार जीवनतर्फ लैजाने खालका कुराकानीमा भाग नलिनुहोस्। "तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत पनि नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन" (एफिसी ५:३)।

हामीले हेरेका कुराहरूबाट पनि परीक्षा आउँछ। निषेध गरिएको फल खानलाई शैतानले आदम र हव्वालाई परीक्षा गरेको थियो। त्यसले हव्वालाई त्यो फल हेर्न र त्यसको स्वाद कति मीठो छ होला भनी विचार गर्न लगायो र अन्तमा तिनले त्यसलाई खाइन् र आदमलाई पनि दिइन्। तब परमेश्वरको आज्ञा भङ्ग गरेकोमा तिनीहरूलाई दण्ड दिइयो।

कामवासनालाई जगाउनको निम्ति शैतानले यस्ता कुराहरू देखाएर मानिसहरूलाई परीक्षामा पारिनै राखेको छ। त्यसले मानिसहरूलाई परीक्षामा पार्नको निम्ति अश्लिल तस्वीरहरू,

सिनेमाहरू, काम-शास्त्रहरू (यौन सम्पर्कसम्बन्धी पुस्तकहरू), नाच र फेशन देखाउने पोशाकहरूको पहिरनलाई प्रयोग गर्न सक्छ। यस्ता कुराहरूमा भाग लिनको निम्ति शैतानको प्रेरणालाई इन्कार गर्नुहोस्।

तपाईंका विचारहरूलाई अधीन गर्नुहोस् र तिनीहरूलाई यताउति भौंतारिन नदिनुहोस्। यदि तपाईंले आफैलाई खराब विचारहरू गरिराखेको भेट्टाउनुभयो भने तिनीहरूलाई आफ्नो मनबाट बाहिर निकाल्नुहोस्। अरू नै विषयमा विचार गर्नुहोस्। आफ्नो मनलाई व्यस्त राख्ने कुराहरू गर्न थाल्नुहोस्। "जे कुरा सत्य, आदरणीय, न्यायसङ्गत, शुद्ध, प्रेम-योग्य, र कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुरामा विचार गर" (फिलिप्पी ४:८)।

**तपाईंको अभ्यासको निम्ति**

**१३** तपाईंले आफ्ना विचारहरू अधीन गर्नु किन महत्त्वपूर्ण छ? ..........................................................

..........................................................

**१४** मानिसलाई पापमा लैजानको निम्ति उसलाई परीक्षामा पार्ने शैतानले के-के कुराहरूको प्रयोग गर्न सक्छ?

..........................................................

..........................................................



**परीक्षामा विजयी भएर**

परीक्षामा विजयी हुनको लागि तपाईंले दुइवटा कुराहरू गर्नैपर्छः जतिसक्दो यसलाई आउनै नदिनुहोस् र यो तपाईंमा आयो भने पनि यसमा आफूलाई सुम्पनलाई इन्कार गर्नुहोस्। खराब गर्नको निम्ति तपाईंलाई परीक्षामा पार्ने ठाउँहरू र परिस्थितिहरूमा नजानुहोस्।

पुरुषहरू र स्त्रीहरूको बीचको घनिष्ठताले पनि परीक्षामा पार्न सक्छ। यसैले मैत्रीभाव राख्नुहोस् तर मानिहरूलाई आदरसाथ व्यवहार गर्नुहोस् र तिनीहरूले पनि तपाईंलाई आदर गरेका होऊन् भनी आशा गर्नुहोस्।

तपाईंले यताउती देख्नुभएका सिनेमाको ढाँचाअनुसार होइन, तर परमेश्वरका स्तरअनुसार चल्नुहोस्। जीवनभरिसँगै हुनको निम्ति तपाईंले छान्नुभएको जीवन-साथीलाई आदर गर्न सिक्नुहोस्। एक-अर्काको निम्ति आदर बढ़ाउने र परमेश्वरलाई खुशी तुल्याउने खालको सम्बन्धलाई विकास गर्ने कोशिश गर्नुहोस्। यस्तो आदर गुमाउने र तपाईंको शारीरिक अभिलाषालाई जगाउने खालको घनिष्ठतालाई त्याग्नुहोस्। वास्तवमा जिस्काउने, यताउता छुने कामचाहिँ आगोसँग खेलेको जस्तै हो। यसैले परीक्षा आउन नदिनुहोस् र "स्वतन्त्रता"-मा अभिलाषाको काम गराउन लगाउने शैतानलाई मौका नदिनुहोस्, जसले तपाईंलाई लाज र आत्मिक असफलतातर्फ मात्र डोऱ्याउँछ।

परमेश्वरलाई प्रेम गर्ने, एक जवान मानिस, योसेफको बारेमा बाइबलले हामीलाई बताउँछ। परीक्षाबाट भागेर उनले जवान मानिसहरूका निम्ति असल उदाहरण दिएका छन्। उनी पोतिफरका घरमा एक कमारा थिए। पोतिफरकी स्वास्नीले योसेफलाई आफ्नो प्रेमी बनाउन खोजी, तर उनले इन्कार गरे। एक दिन जब योसेफ र त्यो स्त्री घरमा एकलै थिए, त्यसले

योसेफलाई आफूसँग सुत्न कर लगाई। तर योसेफले भनेः "परमेश्वरको अगाड़ि यस्तो डरलाग्दो दुष्ट काम र पाप म कसरी गर्न सक्छु?'' घरीघरी पोतिफरकी स्वास्नीले यस्तो काम गर्ने प्रेरणा दिँदा योसेफ घरबाट भागे र त्यस परीक्षामाथि विजयी भए।

पोतिफरकी स्वास्नी ज्यादै रिसाई र योसेफलाई झूटा दोष लगाएर तिनलाई झ्यालखानमा हाल्न लगाई। परमेश्वरले योसेफको हेरविचार गर्नुभयो, उनलाई झ्यालखानबाट छुटाउनुभयो र उनलाई मिश्रदेशका प्रधानमन्त्री बनाउनुभयो। यसरी योसेफको उच्च नैतिक स्तरले विभाजित कुराहरूमा विजय प्राप्त गरेको थियो। यस उदाहरणले यस्तो सिद्धान्तको प्रदर्शन गर्छ, जसलाई हामी आदर्श बनाउन सक्छौंः परमेश्वरका स्तरहरूलाई उच्च स्थानमा राख्नेहरूलाई उहाँले आशिष् दिनुहुन्छ।

> तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँडेका देखेर तिनीहरू छक्क पर्छन्, र तिमीहरूको वदख्वाइँ गर्छन्। तर जीवित र मृतकहरूका न्याय गर्न तत्पर हुनुहुने परमेश्वरलाई तिनीहरूले लेखा दिनुपर्नेछ (१ पत्रस ४:४-५)।

### तपाईंको अभ्यासको निम्ति

**१५** स्त्रीको व्यभिचार नीतिको विरोध गरी असल उदाहरण देखाउने बाइबलमा उल्लेखित व्यक्ति को थिए?

**क** पोतिफर

**ख** योसेफ

**ग** पत्रस

१६ उद्धार नपाएका साथीहरू वा नातेदारहरूले गर्ने काममा तपाईंले भाग नलिँदा तिनीहरूले तपाईंलाई जिस्काए भने, तपाईंले के गर्न सक्नुहुन्छ? (आफ्नो अभ्यास-पुस्तिकालाई प्रयोग गर्नुहोस्।)

१७ परीक्षाबाट जोगिनको निम्ति पुरुषहरूले स्त्रीहरूसँग र स्त्रीहरूले पुरुषहरूसँग कस्तो व्यवहार गर्नुपर्छ?

..............................................................................

**साँचो प्रेमद्वारा**

साँचो प्रेममा आदर र इज्जत संलग्न गरिएको हुन्छ। यसैले केटीलाई साँचो रूपमा प्रेम गर्ने मानिसले आफ्ना व्यक्तिगत इच्छाहरूभन्दा तिनको भलाइ र इज्जत अझै महत्त्वपूर्ण हो भनी विचार गर्छ। साँचो प्रेमले केटीको इज्जतलाई नाश गर्ने वा विवाह हुनुभन्दा पहिल्यै गर्भवती बनाउने चाहना गर्दैन। साँचो प्रेमले आत्म-संयमको माग गर्छ।

आफ्नै शक्तिबाटको आत्म-संयममा धेरै भरोसा नगर्नुहोस्। सबैभन्दा बुद्धिमान् कुराचाहिँ परीक्षाबाट जोगिनु हो। यसैले, लोग्ने र स्वास्नीको बीचमा मात्र हुने यौन सम्पर्कको घनिष्ठ सम्बन्धको निम्ति आदरणीय विवाहलाई पर्खनुहोस्।

कोही-कोही मानिसहरूले "केटीको प्रेमको प्रमाण" पाउन तिनीसँग जे पनि गर्न चाहन्छन्। याद गर्नुहोस्, यस्तो गर्न खोज्ने मानिसले साँचो प्रेमबाट यो गरेको हुँदैन तर स्वार्थी अभिलाषाबाट नै यस्तो गरेको हुन्छ।

जसलाई तपाईंले विवाह गर्ने योजना गर्नुभएको छ, उसप्रति भएको तपाईंको प्रेमले अरू पुरुष वा स्त्रीहरूसँग संलग्न हुने परीक्षाबाट जोगिन यसले तपाईंलाई सहायता पुऱ्याउँछ। यदि

तपाईं र तपाईंको जीवन-साथीले आफैलाई एक-अर्काको निम्ति पवित्र राखेर हुने विवाहको निम्ति पर्खिराख्नुभयो भने तपाईंको वैवाहिक जीवन धेरै नै आनन्दित हुन सक्छ भन्ने कुरा तपाईंलाई थाहा छ। आनन्दित विवाहको निम्ति भएको तपाईंको योजनाले पनि व्यभिचारबाट जोगिन तपाईंलाई सहायता पुऱ्याउँछ।

> "किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रीकरण पनि हो, सो यो हो कि तिमीहरू व्यभिचारबाट अलग बस। पवित्रता र आदरसाथ आफ्नो निम्ति पत्नी लिनू, सो तिमीहरू प्रत्येकले जान, तर परमेश्वरलाई नचिन्ने अविश्वासीहरूजस्तै कामुकताको कुवासनामा जस्तो गरी नबस" (१ थेसलोनिकी ४:३-५)।

**तपाईंको अभ्यासको निम्ति**

**१८** साँचो प्रेममा के समावेश भएको हुन्छ?

..........................................................................

**१९** १ थेसलोनिकी ४:३-५-लाई धेरै पल्ट पढ्नुहोस्। यी पदहरूमा बताइएको पाप के हो?

..........................................................................

**परमेश्वरको सहायताद्वारा**

हरेक अवस्थामा परीक्षाहरूमाथि विजय हुनको लागि तपाईंलाई बलियो पार्न परमेश्वरको शक्ति चाहिन्छ। तपाईंका विचारहरू र तपाईंका कामहरूलाई अधीन गर्न तपाईंलाई परमेश्वरको सहायताको आवश्यकता पर्छ। यदि उहाँको सहायता तपाईंलाई भएन भने छिटो वा ढीलो तपाईंको हृदयमा भएको

पाप दुष्ट विचारहरूका रूपमा बाहिर निस्कन्छ र तपाईंलाई खराब व्यवहारमा लैजान्छ। "किनकि हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी झूटो गवाही, र निन्दा बाहिर निस्कन्छन्" (मतियोस १५:१९)। यसैले तपाईंले आफ्नो जीवन परमेश्वरलाई दिनैपर्छ। तपाईंका सबै पापहरूको क्षमा पाउन र ठीक जीवन जिउनको निम्ति तपाईंलाई सहायता पुऱ्याउन उहाँसँग बिन्ती गर्नुहोस्।

हामी सबैलाई पापको शक्तिबाट उद्धार गर्न येशू आउनुभयो। आफ्नै प्रयासबाट शुद्ध जीवन जिउन असम्भव छ भनी पत्ता लगाउने धेरै जवान मानिसहरू परमेश्वरको शक्तिद्वारा पूर्णरूपमा परिवर्तन भएका छन्। अहिले तिनीहरू पवित्र र आनन्दित जीवन जिउँछन्।

तपाईंले उद्धार पाइसक्नुभएपछि पनि शैतानले तपाईंलाई परीक्षा गर्छ, तर तपाईंलाई अगुवाइ गर्ने परमेश्वरको वचन र तपाईंलाई सहायता गर्ने उहाँको शक्तिद्वारा तपाईं परीक्षामाथि विजयी हुन सक्नुहुन्छ। अबदेखि तिमीहरूले आफ्नो जीवनको रहल समय फेरि मानिसको कुइच्छामा होइन तर परमेश्वरको इच्छामा बिताओ" (१ पत्रस ४:२)।

**तपाईंको अभ्यासको निम्ति**

२० के हामीले परमेश्वरको स्तरअनुसारको जीवन बिताउन असम्भव छ? तपाईंको उत्तरलाई व्याख्या गर्नुहोस्।

.......................................................................

.......................................................................

**२१** ठीक जीवन जिउनको निम्ति परमेश्वरले तपाईंलाई सहायता गर्नुभन्दा पहिले तपाईंले चाल्नैपर्ने पहिलो कदम कुन हो?

.................................................................

**२२** १ कोरिन्थी ६:९-११ र १ पत्रस ४:२-लाई धेरै पल्ट पढ्नुहोस्। त्यसपछि **ठीक** बयानको अगाड़िपट्टिको अक्षरमा घेरा लगाउनुहोस्।

**क** तपाईंले उद्धार पाउनुपर्छ, किनभने शैतानले तपाईंलाई परीक्षा गर्नै सक्दैन।

**ख** सहायताको निम्ति हामी परमेश्वरमा भर पऱ्यौं भने, हामी परीक्षामाथि विजयी हुन सक्छौं।

**ग** परमेश्वर प्रेमका परमेश्वर हुनुभएका हुनाले, कसैलाई पनि उहाँको राज्यबाट बाहिर फालिनेछैन।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१२ ग. परमेश्वरको वचन र उहाँको सहायता।

१ गल्ती होइन, तिनीहरूलाई विवाहको निम्ति तयार पार्ने यो परमेश्वरको योजना हो।

१३ परीक्षाहरू विचारहरूबाट आउँछन्, जति तपाईं यस विषयमा विचार गर्नुहुन्छ यो त्यति नै बलियो बन्छ।

२ परमेश्वर।

१४ अश्लिल तस्वीरहरू, सिनेमाहरू, कामशास्त्र (यौन सम्पर्क सम्बन्धमा लेखिएका पुस्तकहरू), नाँच, लागूपदार्थ र फेशन देखाउने पोशाक।

३ परमेश्वर

१५ ख. योसेफ।

४ तपाईंमा परमेश्वर रहनको निम्ति तपाईंको परिवारको र तपाईंको स्वास्थ्यको निम्ति।

१६ तपाईंको प्रार्थना। म तिनीहरूका निम्ति प्रार्थना गर्नेछु, र बाइबलको स्तरअनुसार जिउन र असल उदाहरण बन्नको लागि सहायता गर्नुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्छु।

५ ख. १ तिमोथियस ५:२२

१७ आदरसाथ

६ खीष्टको शरीर

१८ आदर र इज्जत

७ आमा-बाबुको प्रेम र वास्ता

१९ व्यभिचार

८ अन्धोपना वा मानसिक रोग।

२० तपाईंको आफ्नै शक्तिमा यो असम्भव छ, तर परमेश्वरको सहायताद्वारा यो सम्भव छ।

९ व्यभिचार

२१ उहाँलाई तपाईंको आफ्नो जीवन दिनुहोस्।

१० काटिन लगिएको साँढ़े, पासोमा पर्नलाई हिँड़िरहेको मृग, जालमा फस्नलाई गइरहेको चरा

२२ **क** बेठीक
**ख** ठीक
**ग** बेठीक

११ त्यस व्यक्तिलाई गुप्त अङ्गको रोग सर्न सक्छ। यस्तो सम्बन्धबाट प्राप्त हुने डर र दोषले एक व्यक्तिलाई भावनात्मक र शारीरिक हानि हुन्छ।